# संयुक्त बजार अनुगमन निर्देशिका, २०६९

वाणिज्य तथा आपूर्ति मन्त्रालय
२०६९

# संयुक्त बजार अनुगमन निर्देशिका, २०६९

प्रस्तावना :

वस्तु वा सेवाको अनुचित सञ्चय गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने, खाद्य पदार्थमा मिसावट गर्ने, वस्तु वा सेवाको गुणस्तर, परिमाण वा मूल्यमा अनुचित व्यापारिक क्रियाकलाप गरी लाभ लिने, स्वच्छ बजार तथा उपभोक्ता हित प्रतिकूल कार्य गरी कालोबजारी, एकाधिकार (सिण्डिकेट), मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग) तथा बजार प्रवेशमा अवरोध गर्ने किसिमका गैर प्रतिस्पर्द्धी तथा निषेधित ब्यापारिक क्रियाकलापलाई बजार अनुगमनको माध्यमद्वारा नियन्त्रण गरी त्यस्तो कार्य गर्नेलाई कारवाईको दायरामा ल्याउन,

वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा बिक्री स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्ने सरकारी निकायद्वारा संयुक्त बजार अनुगमन गर्न, आपूर्ति सहज गर्न, सरकारी निकाय तथा अधिकारीबाट भई आएको बजार अनुगमनलाई एकीकृत तथा प्रभावकारी गर्न आवश्यक भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम नेपाल सरकारले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "संयुक्त बजार अनुगमन निर्देशिका,२०६९" रहेको छ ।
   (२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा -
   (क) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।
   (ख) "सेवा" भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन, साँस्कृतिक तथा खेलकूल सेवा, यातायात सेवा लगायतका मुनाफा लिई वा नलिई प्रदान गरिने अन्य सम्पूर्ण उपभोग्य सेवाहरु सम्झनुपर्छ ।
   (ग) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादन, आयात, भण्डारण, बिक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।
   (घ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँ विकास समिति र सो अन्तर्गतका वडा कार्यालय समेतलाई सम्झनुपर्छ ।
   (ङ) "अनुगमन संयन्त्र" भन्नाले दफा ३ बमोजिमको संयुक्त बजार अनुगमन संयन्त्र सम्झनुपर्छ ।
   (च) "केन्द्रीय अनुगमन तथा मूल्याङ्न समिति" भन्नाले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३८ बमोजिमको समिति सम्झनुपर्छ ।

परिच्छेद – २

## संयुक्त बजार अनुगमन संयन्त्र सम्वन्धी व्यवस्था

३. संयुक्त बजार अनुगमन संयन्त्रको गठनः (१) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको एकीकृत तथा प्रभावकारी रूपमा अनुगमन गर्न केन्द्रीय तथा जिल्ला तहमा संयुक्त बजार अनुगमन संयन्त्रहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको केन्द्रीय तहको अनुगमन संयन्त्रमा देहाय बमोजिमका अधिकारीहरू रहनेछन्:

| | |
|---|---|
| (क) निर्देशक वा तोकिएको अधिकृत- | वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग |
| (ख) प्रतिनिधि (अधिकृत स्तर) - | नेपाल गुणस्तर तथा नापतौल विभाग |
| (ग) प्रतिनिधि (अधिकृत स्तर) - | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |
| (घ) प्रतिनिधि (अधिकृत स्तर) - | औषधी व्यवस्था विभाग |
| (ङ) प्रतिनिधि (अधिकृत स्तर) - | पशु सेवा विभाग |
| (च) प्रतिनिधि (अधिकृत स्तर) - | घरेलु तथा साना उद्योग विभाग |
| (छ) प्रतिनिधि (अधिकृत स्तर) - | कृषि विभाग |
| (ज) प्रतिनिधि (अधिकृत स्तर) - | उद्योग विभाग |
| (झ) प्रतिनिधि (अधिकृत स्तर)- | यातायात विभाग |
| (ञ) प्रतिनिधि (अधिकृत स्तर) - | शिक्षा विभाग |
| (ट) प्रतिनिधि (अधिकृत स्तर) - | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| (ठ) प्रतिनिधि (अधिकृत स्तर) - | स्थानीय निकाय |
| (ड) प्रतिनिधि | नेपाल प्रहरी |
| (ढ) प्रतिनिधि - | उपभोक्ता हितसँग सम्बन्धित संस्था |

(३) उपदफा (२) बमोजिमको अनुगमन संयन्त्रमा दफा ९ बमोजिम अनुगमन गर्ने निकायको कार्यक्षेत्र किटान गरिए अनुसार सम्बन्धित निकायको संयोजकत्वमा कम्तिमा ५ जना प्रतिनिधि संलग्न भई बजार अनुगमन कार्य गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको अनुगमन टोलीमा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग र सम्बन्धित जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिको उपस्थिति अनिवार्य हुनेछ ।

(५) उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम ५२ बमोजिम गठित जिल्ला अनुगमन समितिले जिल्लास्तरीय अनुगमन संयन्त्रको काम गर्नेछ । सो संयन्त्रमा जिल्लास्थित वाणिज्य, शिक्षा, कृषि, घरेलु तथा साना उद्योग, यातायात, नापतौल कार्यालयका प्रतिनिधिहरू रहनेछन् । जिल्ला अनुगमन समितिका संयोजकले आवश्यकतानुसार अन्य कार्यालयका प्रतिनिधिहरूलाई समेत तोक्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुगमन टोलीमा वाणिज्य कार्यालय रहेका जिल्लामा वाणिज्य कार्यालयका प्रतिनिधी वा बजार संरक्षण अधिकृत तोकिएका जिल्लामा बजार संरक्षण अधिकृतको उपस्थिति अनिवार्य हुनेछ ।

(७) उपदफा (२) र (५) बमोजिमको संयन्त्रले अनुगमन गर्दा आवश्यकता अनुसार उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधि, विषय विशेषज्ञहरू र सञ्चारकर्मीहरूलाई सहभागी गराउन सक्नेछ ।

(८) संयुक्त अनुगमन संयन्त्रले कुनै पनि स्थानको अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण गर्न सक्नेछ । यसरी अनुगमन, सुपरिवेक्षण र निरीक्षण गर्दा अनुगमन संयन्त्रलाई सहयोग गर्नु प्रदायकको कर्तव्य हुनेछ ।

(९) अनुगमन संयन्त्रले अनुगमन गर्ने तरिका आफै निर्धारण गर्नेछ ।

४. अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकार: प्रचलित अन्य कानूनमा लेखिए बाहेक दफा ३ बमोजिम गठित अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अनुगमन गर्नु पूर्व कार्ययोजना बनाउने ।

(ख) नियमित रुपमा बजार अनुगमन गर्ने ।

(ग) संयन्त्रबाट अनुगमन गर्दा मुद्दा चलाउनु पर्ने खालका अनियमितता देखिएमा सोको प्रतिवेदन तयार गरी नियमानुसार मुद्दा चलाउनका लागि अनुसन्धान तहकिकात गर्ने निरीक्षक समक्ष पठाउने ।

(घ) उपभोक्ता हितका विषयमा व्यक्ति वा सम्बन्धित संस्थाबाट प्राप्त सूचना वा उजूरी उपर आवश्यक कार्यवाही गर्ने ।

(ङ) संवैधानिक निकाय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, विभाग लगायतका सरकारी निकायहरू मार्फत् प्राप्त उजुरी तथा गुनासाहरुको व्यवस्थापन गर्ने ।

(च) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको अनुगमन गर्ने ।

(छ) कालोबजारी, एकाधिकार (सिण्डिकेट), मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग) तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी किसिमका अनुचित व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने ।

(ज) खण्ड (छ) बमोजिमका अनुचित क्रियाकलाप भएको देखिएमा आवश्यकता अनुसार बस्तु नष्ट गर्ने, रोक्का गर्ने र कारोवार बन्द गर्ने ।

(झ) केन्द्रीय अनुगमन तथा मूल्याङ्न समितिबाट समय-समयमा दिएको निर्देशन एवं तोकेबमोजिमका अन्य कामहरू गर्ने ।

## परिच्छेद – ३
## उजुरी सम्वन्धी व्यवस्था

५. उजुरी दिन सक्ने : (१) कुनै वस्तु वा सेवा प्रदायकले उपभोक्ता हित विरुद्धका व्यापारिक कार्य गरेको भनी उपभोक्ताले अनुगमन गर्ने अधिकारी वा अनुगमन संयन्त्रमा लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी तथा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनाहरूलाई अनुगमन संयन्त्रले उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा अनुगमन संयन्त्रले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले प्रचलित कानुन वा मापदण्ड विपरित काम गरेको पाइएमा तत्काल कारवाहीको लागि सम्बन्धित निरीक्षकलाई लेखी पठाउनु पर्नेछ ।

६. बजार अनुगमनको लागि उजुरी दिने व्यवस्था: (१) संवैधानिक निकाय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालय, विभाग तथा सो अन्तर्गतका जिल्लास्थित कार्यालयहरु वा नियमन निकायहरुमा हटलाइन लगायत जुनसुकै माध्यमद्वारा सरोकारवालाले उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरीको गाम्भीर्यताको विश्लेषण गरी अनुगमन संयन्त्रले अनुगमन गर्न सक्नेछ ।

७. उजुरी सुन्ने व्यवस्था: अनुगमन संयन्त्रको काम कारवाहीमा चित्त नबुझ्ने प्रदायकले प्रचलित कानून बमोजिम उजुरी दिन सक्नेछ ।

## परिच्छेद – ४

## बजार अनुगमन गर्ने बस्तु, सेवा र निकायहरू

८. बजार अनुगमन गर्ने वस्तु वा सेवाहरू : (१) दफा ३ बमोजिमको अनुगमन संयन्त्रले कार्य योजना बनाई कुनै पनि बस्तु वा सेवाको अनुगमन गर्न सक्नेछ ।

(२) दफा ३ बमोजिम गठित अनुगमन संयन्त्रले मूलतः अनुसूची-१ मा तोकिएका वस्तु तथा सेवाको नियमित अनुगमन गर्नुपर्नेछ ।

९. अनुगमन संयन्त्रको संयोजन : (१) दफा ३. बमोजिम गठित अनुगमन संयन्त्रले अनुगमन गर्दा अनुगमनको संयोजन देहायबमोजिम क्षेत्रगत आधारमा हुनेछ :

(क) वाणिज्य विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
आपूर्ति, मिसावट, मूल्यसूची, फर्म दर्ता, लेबल, उत्पादन मिति र उपभोग गर्ने अन्तिम मिति (Manufacturing Date & Expiry Date), कृत्रिम मूल्यवृद्धि, कालोबजारी, एकाधिकार (सिण्डिकेट), मिलोमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग) तथा बजार प्रवेशमा अवरोध गर्ने किसिमका गैर प्रतिस्पर्द्धी क्रियाकलाप, तथा अनुचित व्यापारिक क्रियाकलाप र उपभोक्ताको हकहित संरक्षण, पेटोलियम पदार्थ, एल.पी.ग्याँस, पार्टी प्यालेस तथा सो सम्बन्धी विज्ञापन ।

(ख) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
खाद्य पदार्थ उत्पादन गरिने क्षेत्र, खाद्य पदार्थ उत्पादन गर्ने उद्योग, बिक्री वितरण गरिने र भण्डारण गरिने क्षेत्र, खाद्य पदार्थमा हुने मिसावट, खाद्य पदार्थ उत्पादन गर्न प्रयोग हुने कच्चा पदार्थ र त्यसको गुणस्तर, खाद्य पदार्थहरू उत्पादनमा प्रयोग हुने खाद्य योगशील (Additives), विभिन्न प्रकारका मिठाइहरू, दूध तथा दुग्ध पदार्थहरू, प्याकिङ्ग गरी बिक्री वितरण गरिने खाद्य वस्तुमा हुनुपर्ने लेबल र गुणस्तर तथा सो सम्बन्धी विज्ञापन ।

(ग) औषधी व्यवस्था विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
औषधी र औषधीजन्य पदार्थहरू, औषधी उत्पादन गर्ने उद्योग तथा सो सम्बन्धी विज्ञापन ।

(घ) नेपाल गुणस्तर तथा नापतौल विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
विभिन्न उपभोग्य वस्तु तथा निर्माण सामग्रीको गुणस्तर तथा त्यस्ता वस्तुमा हुने मिसावट, एल.पी.ग्याँस लगायत पेट्रोलियम पदार्थमा हुने मिसावट तथा गुणस्तर, नाप, तौल, पेट्रोलियम डिस्पेन्सिङ्ग पम्प, ट्याक्सी मिटर र निर्माण सामग्रीहरू ।

(ङ) उद्योग विभाग, घरेलु तथ साना उद्योग विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
ठूला उद्योग, मझौला उद्योग, साना उद्योग तथा घरेलु उद्योगबाट उत्पादन गरिने वस्तुको उत्पादनको प्रक्रिया तथा गुणस्तर, सरसफाइ तथा भण्डारणको स्थिति, प्याकेजिङ्ग, लेवलिङ्ग, तौल ।

(च) स्थानीय निकायको संयोजनमा अनुगमन गर्ने क्षेत्र :
माछा र मासु काट्ने, प्रशोधन गर्ने स्थान र विक्री गर्ने पसल, होटल, रेष्टुरेण्ट र खाजाघरको सरसरफाई तथा ती स्थानमा उपलब्ध हुने वस्तुको गुणस्तर, तौल र मूल्य लगायतका कार्य ।

(छ) कृषि विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :

फलफूल तथा तरकारी, फलफूल तथा तरकारी उत्पादन, प्रशोधन तथा भण्डारण गर्न प्रयोग गरिएका रसायन तथा विषादी, फलफूल तथा तरकारीजन्य पदार्थलाई कृत्रिम तरिकाले पकाउनका लागि प्रयोग गरिने रसायन, रासायनिक मलको गुणस्तर, दूध तथा दुग्ध पदार्थहरू ।

(ज) पशु सेवा विभागको संयोजनमा अनुगमन गर्ने क्षेत्र :

माछा, पशुपंक्षी तथा पशुपंक्षीबाट उत्पादन हुने मासु, मासुजन्य पदार्थमा प्रयोग गरिएका कृत्रिम हर्मोन तथा एन्टीबायोटीक्स जस्ता पदार्थको प्रयोग, पशुपंक्षी बधशालाको सरसफाई, बिक्रीस्थलमा मासुजन्य पदार्थको गुणस्तर, मूल्य तथा प्याकेजिङ्ग व्यवस्था र पशुपंक्षी हाटबजारको अवस्था ।

(झ) शिक्षा मन्त्रालयको संयोजनमा अनुगमन गर्ने क्षेत्र :

पाठ्य पुस्तक तथा अन्य पाठ्य सामग्रीको मूल्य, गुणस्तर र तथ्य, सांस्कृतिक, खेलकूद तथा मनोरन्जन सम्बन्धी सेवा, शिक्षण सेवा र शैक्षिक परामर्श सेवा ।

(ञ) जिल्ला प्रशासन कार्यालयको संयोजनमा अनुगमन गर्ने क्षेत्र :

प्रचलित कानूनद्वारा प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र निरीक्षण अधिकृतले गर्ने भनी कानूनद्वारा नै निर्दिष्ट गरेका विषयहरू र माथि समावेश नभएका अन्य विषय वस्तु ।

## परिच्छेद – ५
## संयुक्त बजार अनुगमन सम्वन्धी प्रकृया

१०. अनुगमनको पूर्व तयारी : अनुगमन संयन्त्रले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ :

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण, र चेकलिस्ट साथै लिई जानुपर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने सहयोग साधन आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

११. बजार अनुगमन गर्ने प्रक्रिया : (१) बजार अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचय देखाई बजार अनुगमन गर्नुपर्नेछ । सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा वाधा विरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(३) अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सो को यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ । सम्बन्धित व्यवसायीले मुचुल्कामा दस्तखत गर्न

नमानेमा सोही व्यहोरा जनाइ उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ।

(४) अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ।

(५) बजार अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखी अरु प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ। संकलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ।

(६) बजार अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्ने छ। खानतलासीबाट वस्तु वा सेवाको बिक्रीवितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकताअनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ।

(७) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन संयन्त्रले सम्बन्धित व्यवसायीसँग तुरुन्त स्पष्टीकरण माग गर्न सक्नेछ।

(८) अनुगमन संयन्त्रले बजार अनुगमन गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम लेखी आएमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नुपर्नेछ।

(१०) उपदफा (५) बमोजिम अनुगमन संयन्त्रले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ।

(११) अनुगमन गर्दा प्रचलित ऐन नियम अनुसार तयार गरिएको चेकलिस्टका विषयमा उद्यमी/व्यवसायी/पसलहरूलाई जानकारी प्रदान गरी दुबै पक्षको उपस्थितिमा विवरण तयार गर्नुपर्नेछ।

(१२) अनुगमन गरिएका वस्तु मालसामानहरूको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिस्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनु पर्ने भएमा खाद्य नियमावली, २०२७ को नियम १० वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरूप वा नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नुपर्दछ।

(१३) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा खाद्य नियमावली, २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २५, वा नेपाल गुणस्तर ऐन, २०३७ र स्टाण्डर्ड नापतौल ऐन, २०२५ वा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

(१४) वस्तु वा मालसामान सिलबन्दी गर्नुपर्दा खाद्य नियमावली, २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २८ र २९ वा नेपाल गुणस्तर ऐन २०३७ र स्टाण्डर्ड नापतौल ऐन २०२५ वा प्रचलित कानून अनुसार गर्नुपर्नेछ।

(१५) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलबन्दी गर्न सक्नेछ । यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ ।

(१६) उपदफा (१५) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनी सिलबन्दी गर्ने निकायमा निवेदन दिएमा सम्बन्धित निकायले संयुक्त बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ । सुधार भएको नपाइएमा कानुन बमोजिम कारवाही अगाडि बढाउनेछ ।

(१७) वस्तु वा सेवाको आपूर्ति व्यवस्था नियमित भए नभएको, उपलब्धता सहज भए नभएको, सामाजिक रूपमा स्वीकार्य भए नभएको, उचित मूल्य र सुलभ पहुँच भए नभएको, सेवा वा वस्तुको मापदण्ड तोकिए नतोकिएको वा मापदण्ड अनुरुप गुणस्तर भए नभएको, नापतौल सामाग्री दुरुस्त भए नभएको, वस्तुमा मूल्य र लेबल भए नभएको तथा विक्रीस्थलमा मूल्यसूची र साइनबोर्ड भए नभएको विषयमा अनुगमन संयन्त्रले हेर्नु पर्नेछ ।

(१८) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (Unfair Trade Practices), कानूनद्वारा नियन्त्रित वा निषेधित ब्यापारिक क्रियाकलाप (Restrictive Trade Practices) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (Monopolistic Trade Practices) भए नभएको विषयमा समेत अनुगमन संयन्त्रले हेर्नु पर्नेछ ।

१२. <u>अत्यावश्यक वस्तु र सेवाहरूको अनुगमन गर्दा थप ध्यान दिनुपर्ने कुराहरु</u> : दफा ११ मा लेखिएका विषयका अतिरिक्त आवश्यक वस्तु संरक्षण ऐन, २०१२ तथा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम अत्यावश्यक वस्तु र सेवाहरूको अनुगमन गर्दा देहायबमोजिम ध्यान दिनुपर्नेछ :

(क) उपभोक्ताको जीउज्यान, स्वास्थ्य र सम्पत्तिको सुरक्षामा प्रतिकुल असर परे नपरेको,

(ख) उत्पादन, बिक्री वितरण गर्दा कानूनी प्रकृया पूरा गरे नगरेको,

(ग) नापतौल, गुणस्तर र मूल्य ठीक भए नभएको, वस्तु वा सेवा मापनका उपकरण ठीक भए नभएको र उपभोक्तालाई सो सम्बन्धी सूचना दिए नदिएको,

(घ) उत्पादन तथा आपूर्ति हुने स्थान र सो को वातावरणीय पक्षहरू ठिक भए नभएको,

(ङ) प्रतिस्पर्धा, स्वच्छ बजार प्रवर्द्धन, ट्रेडमार्क, लेबल र विज्ञापन प्रचारप्रसारको सत्यता भए नभएको,

(च) खाद्य वस्तुमा स्वास्थ्यलाई प्रतिकूल असर पार्ने औषधी, विषादी र रसायनको प्रयोग भए नभएको र

(छ) आवश्यक देखिएका अन्य कुराहरू ।

## परिच्छेद – ६

## आचार संहिता

१३. <u>आचार संहिता</u> : अनुगमन गर्न जाने अनुगमन संयन्त्रले निम्न बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछ :

(१) अनुगमन संयन्त्रले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरु कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन ।

(२) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्रकहाँ अनुगमन गर्न जानु हुँदैन ।

(३) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने निकाय वा व्यक्तिबाट कुनै पनि किसिमको चन्दा, दान दातव्य वा उपहार स्वीकार गर्न हुँदैन ।

(४) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नु हुँदैन ।

(५) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन ।

(६) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन संयन्त्रको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ । अन्य सदस्यले विवरण उपलब्ध गराउन हुँदैन ।

(७) बजार अनुगमन गर्दा अनुगमन संयन्त्रका पदाधिकारीहरु प्रदायक समक्ष पर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुदैन ।

(८) अनुगमन संयन्त्रका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानुनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए संयन्त्रबाट हटाइ प्रचलित कानुन बमोजिम कारवाही गर्न सकिनेछ ।

(९) मानव अधिकारवादी संघसस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरंत सञ्चारकर्मीका प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद - ७

## प्रदायकले खरिद विक्री बिजकको अभिलेख राख्नु पर्ने व्यवस्था

१४. <u>अभिलेख राख्नु पर्ने</u> : (१) प्रदायकले बिक्री वितरणका लागि राखिएका वस्तु र सेवाको खरिद बिक्रीको बिल बिजकको अभिलेख प्रष्टसँग राख्नु पर्नेछ ।

(२) सम्वन्धित निकायबाट अनुगमन एवं निरीक्षणका क्रममा आएका अधिकारीहरूले उपदफा (१) बमोजिमको विवरण तथा अभिलेख हेर्न चाहेमा विवरण देखाउनु प्रदायकको कर्तव्य हुनेछ ।

(३) प्रचलित कानुनमा अभिलेखको कुनै ढाँचा तोकिएको भएमा सोही बमोजिम अभिलेख राख्नु प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद - ८

## संयुक्त बजार अनुगमन समन्वय समिति सम्वन्धी व्यवस्था

१५. <u>संयुक्त बजार अनुगमन समन्वय समिति</u> : (१) वस्तु र सेवा नियमन गर्ने विभिन्न अधिकारी तथा निकायको अनुगमन सम्वन्धी कामलाई एकीकृत तथा प्रभावकारी वनाउने कार्य योजना तयार गर्न र वस्तु वा सेवा बजार अनुगमन गर्दा तत्काल आइपर्ने समस्याको समाधान गर्नका लागि केन्द्रीय स्तरमा देहाय बमोजिमको संयुक्त बजार अनुगमन समन्वय समिति रहनेछ :

| | |
|---|---|
| (क) सचिव - वाणिज्य तथा आपूर्ति मन्त्रालय, | संयोजक |
| (ख) सहसचिव - प्रशासन, बजार अनुगमन, आपूर्ति तथा संस्थान महाशाखा, वाणिज्य तथा आपूर्ति मन्त्रालय, | सदस्य |
| (ग) सहसचिव - अर्थ मन्त्रालय, | सदस्य |
| (घ) सहसचिव - गृह मन्त्रालय, | सदस्य |
| (ङ) सहसचिव - उद्योग मन्त्रालय, | सदस्य |
| (च) सहसचिव - कृषि विकास मन्त्रालय, | सदस्य |
| (छ) सहसचिव - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, | सदस्य |
| (ज) सहसचिव - शिक्षा मन्त्रालय, | सदस्य |
| (झ) सहसचिव - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, | सदस्य |
| (ञ) सह सचिव - सहरी विकास मन्त्रालय, | सदस्य |
| (ट) सहसचिव - सहकारी तथा गरिवी निवारण मन्त्रालय, | सदस्य |
| (ठ) सहसचिव - राष्ट्रिय सतर्कता केन्द्र, | सदस्य |
| (ड) प्रहरी नायव महानिरीक्षक– नेपाल प्रहरी | सदस्य |
| (ढ) सशस्त्र प्रहरी नायव महानिरीक्षक– सशस्त्र प्रहरी | सदस्य |
| (ण) प्रतिनिधि - उपभोक्ता हितसँग सम्बद्ध संस्थाहरू, | सदस्य |
| (त) प्रतिनिधि - उद्योग वाणिज्य क्षेत्रसँग सम्बद्ध संस्थाहरू, | सदस्य |
| (थ) प्रतिनिधि - प्रेस काउन्सील, | सदस्य |
| (द) महानिर्देशक– वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) बजार अनुगमन गर्दा तत्काल आइपर्ने क्षेत्रगत विषयसँग सम्बन्धित समस्याको समाधान गर्नका लागि संयोजकले उपदफा (१) मा गठित समन्वय समितिमा सम्बन्धित मन्त्रालयको सहसचिव प्रतिनिधि र आवश्यकतानुसार अन्य प्रतिनिधिहरूको बैठक राखी समस्या समाधान गर्न सक्नेछन्।

(४) बजार अनुगमन तथा समन्वय समितिले आफ्नो बैठकको कार्यविधि आफैं निर्धारण गर्नेछ।

## परिच्छेद - ९

## विविध

१६. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेट : (१). वाणिज्य तथा आपूर्ति मन्त्रालयले, जिल्लामा गरिने बजार अनुगमनका लागि आवस्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम माग भएको कार्यक्रम अनुसारको बजेट अर्थ मन्त्रालयले यथाशीघ्र वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निकासा दिनेछ।

(३) प्राप्त बजेटको बाडफाड र आवश्यकतानुसार विभाग तथा जिल्लास्तरीय कार्यालयमा पठाउने कार्य वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्ने छ।

(४) बजार अनुगमन गर्दा दफा ३ बमोजिमको संयन्त्रमा खटिने नेपाल सरकारका कर्मचारीलाई अनुगमन गरिएको प्रत्येक दिनको लागि निजले पाउने एक दिनको दैनिक भत्ता बरावरको रकम खाजा खर्च वापत उपलब्ध गराइनेछ ।

(५) उपभोक्ता हकहितसँग सम्बन्धित संस्थाका प्रतिनिधि, सञ्चारकर्मी र स्वयंसेवकहरूको सम्बन्धमा बढीमा तीन जनालाई अनुगमन कार्यमा खटिएको प्रत्येक दिनको लागि नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतले पाउने एक दिनको दैनिक भत्ता बरावरको रकम खाजा खर्च वापत उपलब्ध गराइनेछ ।

१७. पुरष्कृत गर्न सकिने : बजारमा वस्तु वा सेवाको सम्बन्धमा अनुचित क्रियाकलाप भएको सही सूचना दिने, अनुगमन कार्यमा सहभागिता जनाई उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई बजार अनुगमन संयन्त्रको सिफारिसमा केन्द्रीय अनुगमन तथा मूल्याङ्न समितिले पुरष्कृत गर्न सक्ने छ ।

१८. स्थानीय प्रशासनको कर्तव्य : बजार अनुगमन गर्दा अनुगमन संयन्त्रले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तब्य हुनेछ ।

१९. प्रतिवेदन पेश गर्ने : (१) अनुगमन संयन्त्रको नेतृत्व गर्ने निकायले अनुगमन एवं निरीक्षणको प्रतिवेदन पन्ध्र पन्ध्र दिनमा अनुसूची २ को ढाँचामा तयार गरी वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेश गर्ने र सोको बोधार्थ केन्द्रिय अनुगमन तथा मूल्याङ्कन समिति, सम्बन्धित तालुक मन्त्रालय र क्षेत्रीय अनुगमन तथा मूल्याङ्कन समिति र जिल्लास्तरीय अनुगमन तथा मूल्याङ्न समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा केन्द्रीय अनुगमन तथा मूल्याङ्न समितिमा पेश गरी समीक्षा गरिनेछ ।

२०. उपभोक्ता सचेतना कार्यक्रम : प्रत्येक वर्षको मार्च १५ मा मनाइने उपभोक्ता अधिकार दिवसको दिन उपभोक्ताको अधिकार सम्बन्धी वर्षभरि भएका सामाजिक सचेतना अभिवृद्धि गर्ने कार्यको समीक्षा एवं बजार अनुगमनको वार्षिक प्रतिवेदन सहितको जानकारी प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२१. असल नियतले गरेका कामको बचाऊ : यस निर्देशिका बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा संयन्त्रका संयोजक तथा सदस्यहरु उपर कुनै कारवाही हुने छैन ।

२२. प्रचलित कानुन बमोजिम हुने : यस निर्देशिकामा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन ।

२३. बाधा अड्काउ फुकाउने अधिकार : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा संयुक्त बजार अनुगमन समन्वय समितिमा राखी बाधा अड्काउ फुकाउन सकिनेछ ।

२४. संशोधन : यस निर्देशिकामा संशोधन गर्ने अधिकार सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ अनुसार नेपाल सरकार (मन्त्रीपरिषद्) मा निहीत हुनेछ ।

अनुसूची-१

(दफा ८को उपदफा (२) सँग सम्बन्धित)

(क) अनुगमन गरिने वस्तुको विवरण

1. खाद्यान्न तथा खाद्य पदार्थहरू,
2. अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू
3. प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ
4. खाद्य पदार्थ उत्पादन गर्ने उद्योग
5. खाद्य प्रदार्थ विक्री वितरण गरिने बिक्रीस्थल र भण्डारण तथा संचय गरिने स्थल
6. औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत)
7. औषधी उत्पादन गर्ने उद्योग तथा विक्री वितरण गरिने स्थल
8. रासायनिक मल
9. खाने तेल,
10. घ्यू (वनस्पती घ्यू समेत),
11. दूध तथा दुग्ध पदार्थहरू र दूध प्याकिङ गर्न प्रयोग हुने प्लास्टिक पाउचहरू,
12. नून,
13. चिनी,
14. माछा मासु ,
15. अण्डा,
16. मह,
17. कफी,
18. चिया
19. तरकारी,
20. फलफूल,
21. मसलाजन्य पदार्थहरू (जिरा, मरीच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी, र खुर्सानी लगायतका मसालाको रूपमा उपभोग गरिने पदार्थहरू),
22. पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरु समेत
23. विषादी
24. बीउ,
25. लत्ताकपडा,
26. तयारी पोशाक,
27. जुत्ता चप्पल,
28. कार्पेट,
29. साबुन (लुगाधुने, नुहाउने, डिटरजेन्ट वासिङ पाउडर),

३०. इन्धन (मट्टितेल, ग्यास, डिजेल, पेट्रोल, फर्नेस आयल र हवाई इन्धन लगायतका पेट्रोलियम पदार्थहरू,
३१. इन्धन भण्डारण तथा बिक्री वितरण गरिने स्थलका लागि निर्धारण गरिएका मापदण्डहरूको परिपालना,
३२. कोइला,
३३. निर्माण सामग्री, तथा सो सँग सम्बन्धीत उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल
३४. शैक्षिक सामाग्री,
३५. हल्का पेय पदार्थहरू,
३६. होटल, रेस्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरू,
३७. प्रशोधित पानी,
३८. मदिराजन्य पदार्थ,
३९. सुपारी, पानपराग, सुर्ती र सुर्तीजन्य पदार्थ
४०. ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरण
४१. पशुपंक्षी हाटबजार तथा बिक्री स्थल
४२. सौन्दर्य प्रशाधन सामग्री
४३. ट्याक्सी मिटर र विभिन्न सेवा मापनका यन्त्रहरू,
४४. पेट्रोलियम डिस्पेन्सिङ्ग पम्प,
४५. विद्युतीय सामान,
४६. इलेक्ट्रोनिक्स सामान,
४७. रङ्ग रोगन,
४८. सुन, चाँदी, हिरा, मोती, जवाहरत,
४९. वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,
५०. स्वास्थ्य सेवा सम्बन्धी उपकरण,
५१. अन्य उपभोग्य वस्तुहरू

(ख) अनुगमन गरिने सेवाको विवरण

१. व्यापारिक सेवा,
२. सञ्चार सेवा,
३. निर्माण तथा सम्बन्धित इन्जिनियरिङ्ग सेवा,
४. बितरण सेवा,
५. शिक्षा तथा शिक्षण सेवा,
६. वातावरण सेवा,
७. वीमा तथा व्याङ्किङ्ग लगायतका वित्तीय सेवा,
८. स्वास्थ्य तथा सामाजिक सेवा,
९. वैदेशिक रोजगार सेवा,
१०. पर्यटन तथा पद यात्रा सेवा,

11. मनोरञ्जन, सांस्कृतिक तथा खेलकूद सेवा,
12. यातायात र ढुवानी सेवा,
13. हवाइ सेवा,
14. विद्युतीय सेवा,
15. इलेक्ट्रोनिक सेवा,
16. आवास (हाउजिङ्ग) सेवा,
17. खानेपानी सेवा,
18. न्यूज प्रिण्ट सेवा,
19. परामर्श सेवा
20. विज्ञापन सेवा,
21. अन्य उपभोग्य सेवाहरू

## अनुसूची - २
(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

श्री वाणिज्य तथा आपूर्ति मन्त्रालय,
सिंहदरबार ।

विषय : बजार अनुगमनको प्रतिवेदन पेश गरेको ।

मिति २० ।  ।  देखि २० ।  ।  सम्म निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएका वस्तुहरू | अनुगमनको विवरण (परिमाण, अवस्था र अन्य कुरा) | | | सामानको बरामदी | नमूना संकलन | सिलबन्दी गरिएको/ नगरिएको | गरिएको कारवाही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | अवस्था | अन्य कुरा | | | | | |
| | | | | | | | | | | |

बोधार्थः
१. केन्द्रिय अनुगमन तथा मूल्याङ्कन समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२. सम्बन्धित मन्त्रालय
२.क्षेत्रीय अनुगमन तथा मूल्याङ्कन समिति, क्षेत्रीय प्रशासन कार्यालय
३. जिल्लास्तरीय अनुगमन तथा मूल्याङ्कन समिति, जिल्ला प्रशासन कार्यालय